संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असोज १८ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री ठाकुर प्रसाद गैरे
२. मा० श्री तेजुलाल चौधरी
३. मा० श्री दिपक गिरी
४. मा० श्री दुर्गा राई
५. मा० श्री धनबहादुर बुढा
६. मा० श्री ध्रुवबहादुर प्रधान
७. मा० श्री नागिना यादव
८. मा० श्री नारायण प्रसाद आचार्य
९. मा० श्री नारायणी शर्मा
१०. मा० श्री निशा डागी
११. मा० श्री पुष्पबहादुर शाह
१२. मा० श्री प्रतिमा गौतम
१३. मा० श्री प्रतिक्षा तिवारी
१४. मा० श्री प्रदिप पौडेल
१५. मा० श्री बलराम अधिकारी
१६. मा० श्री बसन्त कुमार नेम्वाङ्ग
१७. मा० श्री बासुदेव घिमिरे
१८. मा० श्री बिन्दवासिनी कांसकार
१९. मा० श्री दिपकबहादुर सिंह

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री गगन कुमार थापा
२. मा० श्री रघुजी पन्त
३. मा० श्री माधव सापकोटा
४. मा० श्री मनिष झा
५. मा० श्री ज्ञानबहादुर शाही
६. मा० श्री प्रदिप यादव
७. मा० श्री भानुभक्त जोशी
८. मा० श्री अब्दुल खान
९. मा० श्री रामप्रकाश चौधरी
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री चित्र बहादुर के.सी.
१३. मा० श्री प्रभु साह
१४. मा० डा० अमरेश कुमार सिंह
१५. मा० श्री दिपक खड्का
१६. मा० श्री लिलानाथ श्रेष्ठ
१७. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
१८. मा० श्री शिशिर खनाल
१९. मा० श्री रेखा यादव
२०. मा० श्री अस्मा कुमारी चौधरी
२१. मा० श्री रमा कोईराला पौड्याल
२२. मा० श्री हर्कमाया विश्वकर्मा
२३. मा० श्री बिजुला रायमाझी
२४. मा० श्री शान्ती चौधरी
२५. मा० श्री महेश कुमार वर्तौला

यसैबीच मा० श्री प्रदिप यादवले बोलीसकेपछि राष्ट्रिय प्रजातन्त्र पार्टीका मा० सदस्यहरुले आ-आफ्नो आशन अगाडि उभिएर नियमापत्ति गर्न खोज्नुभएपछि सम्माननीय सभामुखले अन्य मा० सदस्यले बोलेको विषयमा वादविवाद वा खण्डन नगर्न आग्रह गर्नुहुँदै मा० सदस्यहरुले उठाउनु खोज्नुभएको विषयतर्फ ध्यानाकर्षण भएको जानकारी गराउनु भयो ।

यसैबीच मा० श्री बिजुला रायमाझीले बोलीसकेपछि मा० श्री बुद्धिमान तामाङले समय माग गर्नुहुँदै सिरहा जिल्लामा नगरपालिकाको अनियमितता, सार्वजनिक जग्गा हिनामिना विरुद्ध अनसन बसेका राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ताहरुसँग भएको पूर्वसहमति कार्यान्वयन नभएपछि पुनः आज धर्ना बस्न पुगेका सुवेन्द्र साह लगायतका

रा.प्र.पा.का कार्यकर्ताहरुमाथि प्रहरी प्रशासनले लाठीचार्ज गरी घाइते बनाएकोले मा० गृहमन्त्रीले उक्त घटनाको सत्य तथ्य जानकारी सदनलाई गराउनु पर्ने भन्नुभयो ।

त्यसपछि मा० श्री हितराज पाण्डेले नियमापत्ति गर्नुहुँदै मा० सदस्यहरुलाई नियमावलीको कुन नियम अन्तर्गत समय उपलब्ध गराइएको हो भन्नुहुँदै नियमानुसार सदन सञ्चालन गरियोस् भन्नुभएपछि सम्माननीय सभामुखले मा० सदस्यको उठाउनु भएको विषयतर्फ ध्यानाकर्षण भएको र हाल विशेष समयको कार्यक्रम चलिरहेको जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले मिति २०८० असोज १६ गते गणपूरक संख्याको अभावमा निर्णयार्थ पेश हुन बाँकी "विद्युत विधेयक, २०८०" माथि मा० श्री प्रेम सुवालबाट प्राप्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्न लाग्नु हुँदा मा० श्री ठाकुर प्रसाद गैरेले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित माननीय सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा माननीय सदस्यहरुको संख्या ८१ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात "विद्युत विधेयक, २०८०" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम मा० ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री श्री शक्तिबहादुर बस्नेतले "विद्युत विधेयक, २०८०" प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाका पूर्व सदस्य खेमराज भट्ट मायालुको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक हाल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सल्लाहकार, वि.सं. २०५६ सालमा नेपाली काँग्रेसको तर्फबाट बर्दिया क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित, गणतन्त्र स्थापनाका लागि विभिन्न मोर्चामा सक्रिय भूमिकामा रहनुभएका, पूर्व सामान्य प्रशासन मन्त्री खेमराज भट्ट मायालुको वीर अस्पताल काठमाडौंमा फोक्सोको क्यान्सर रोगको उपचारको क्रममा २०८० साल असोज ४ गते बिहीबार ७३ वर्षको उमेरमा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय खेमराज भट्ट मायालुको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असोज १९ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ४:२० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव